STUDY IN ABROAD
AUSTRALIA I NEW ZEALAND
UK I USA I CANADA
IELTS I OET I PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क १०६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ बैशाख १७ गते शनिबार ❑ 30 April 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–

## पोखरा महानगरका प्रमुख र उपप्रमुखकको वडा १६ वाट अभियान सुरु

**पोखरापत्र संवाददाता**
**पोखरा, १६ बैशाख**

नेकपा एमालेबाट पोखरा महानगरको प्रमुख र उपप्रमुखमा उम्मेदवार बनेका कृष्ण थापा र मञ्जुदेवी गुरुङले शुक्रबारदेखि चुनावी प्रचार अभियान थालेका छन् ।

वडा नम्बर १६ निवासी प्रमुखका उम्मेदवार थापाले आफ्नै वडाबाट चुनावी प्रचार अभियान थालेका हुन् । वडा नम्बर १६ को जोगीमणिमा घरदौलोसहित कोण सभा भएको छ । चुनावी सभामा बोल्दै प्रमुखका उम्मेदवार थापाले निर्वाचित भएपछि पाँच वर्ष पोखरेली जनाताको सेवा गर्ने र फेरि चुनावमा उम्मेदवार नबन्ने घोषणा गरे । 'हामी पार्टीको बफादार सिपाही हो, पार्टीले देश र जनताको लागि मर्न तयार हुनु पर्दछ भन्यो भने पनि तयार हुनु पर्दछ,' थापाले भने, 'विषय परिस्थितिमा पार्टीले प्रमखको उम्मेदवार बनाएको छ, त्यसैले यो मेरो अन्तिम चुनाव हो, फेरि चुनाव लड्दिन ।' स्थानीय तह चुनावमा आफूहरु जनताको प्रतिनिधि पात्रको रुपमा उम्मेदवार भएको थापाको भनाइ छ । 'भौतिक रुपमा मेरो उम्मेदवारी भएपनि, यो उम्मेदवारी आम पोखरेली जनताको रुपमा मैले लिएको छु,' थापाले भने,' प्रमुखमा निर्वाचित भएपछि पाँच वर्ष पोखराको विकास र पोखरेली जनताको हितमा देखिने गरी काम गर्नेछु ।'

२०५४ सालमै तत्कालीन पोखरा उपमहानगरपालिकाको प्रमुख भएर कार्य अनुभव बटुलेका थापाले नेपालमा बहुदलीय व्यवस्था स्थापनापछि बितेको पाँच वर्षमा सबै भन्दा धेरै

बाँकी अन्तिम पृष्ठमा ▶▶

## गाउँ फर्क अभियान सुरु गर्न अर्थ मन्त्री बरालको सुझाव

**पोखरापत्र संवाददाता**
**पोखरा, १६ बैशाख**




गण्डकी प्रदेश सरकारका अर्थ मन्त्री रामजी प्रसाद बराललले जीवनले कृषि उत्पादनलाई प्रबर्द्धन गर्न र आत्मनिर्भर अर्थतन्त्र बनाउनको लागि गाउँ फर्क अभियान सुरु गर्नुपर्ने बताउनु भएको छ ।

पोखरा २२ को घरेडी घोताने १२ भाई समाज घर को शुक्रबार पुम्दी पुम्दीको कालाबाङमा आयोजित शुभकामना आदान प्रदान कार्यक्रममा वोल्दै मन्त्री बरालले उक्त कुरा बताउनु भएको हो । पछिल्लो समयमा घर गाउँका बस्ती रित्तिदै जाने क्रम नरोकिएकोले गाउँ फर्क अभियान सुरु गर्न सके कृषि उत्पादनमा बृद्धि हुने जसले खाद्यन्नमा समेत आत्म निर्भर हुने भएको मन्त्री बरालको भनाई थियो । पोखरा २२ पर्यटन र कृषिको उत्तिकै सम्भावना भएकोले अर्थ मन्त्रालयले पनि पर्यटन र कृषि प्रबर्द्धन गर्नको लागि सडक निर्माणमा बिषेश जोड दिदै आएको मन्त्री बरालले बताउनु भयो । अर्थ मन्त्रालय हाल बजेट निर्माणको चरणमा भएकोले जनताका आवश्यकताको आधारमा योजना छनौट गर्ने मन्त्रालयको योजना रहेको उहाँको भनाई थियो । उक्त अवसरमा समाजले मन्त्री बराललाई फुल माला, खादा, भाङग्रा र फेता लगायर सम्मान गरेको थियो ।

समाजका अध्यक्ष भक्त बहादुर गुरुङको अध्यक्षतमा सम्पन्न भएको कार्यक्रममा माओबादी केन्द्र पोखरा २२ का अध्यक्ष नवराज बराल, समाजका सल्लाहकार प्रेमकाजी गुरुङ, स्थानिय समाजसेवी मिन बहादुर गुरुङ, समाजका पूर्व उपाध्यक्ष सन्तोस गुरुङ लगायतले वोल्नु भएको उषा गुरुङले बताउनु भयो ।

## तनहुँमा ११० को उम्मेदवारी फिर्ता

**रासस**
**काठमाडौं, १६ बैशाख**

यही वैशाख ३० गते हुने स्थानीय तह निर्वाचनका लागि तनहुँमा ११० जनाको उम्मेदवारी फिर्ता भएको छ। विभिन्न पार्टी र स्वतन्त्र रूपमा उम्मेदवारी दिएका ११० जनाले आज उम्मेदवारी फिर्ता लिएका हुन् ।

तनहुँमा एक हजार ७५० उम्मेदवारले उम्मेदवारी दर्ता गरेकामा फिर्तापछि अब एक हजार ६४० उम्मेदवार कायम भएको जिल्ला निर्वाचन कार्यालय तनहुँले जनाएको छ । निर्वाचन कार्यालयका अनुसार व्यास नगरपालिकामा १८, आँबुखैरेनी गाउँपालिकामा पाँच, देवघाट गाउँपालिकामा चार, घिरिङ गाउँपालिकामा एक, ऋषिङ गाउँपालिकामा तीन, म्याग्दे गाउँपालिकामा एक, बन्दीपुर गाउँपालिकामा १२, शुक्लागण्डकी नगरपालिकामा ३७, भिमाद नगरपालिकामा नौ, भानु नगरपालिकामा २० जनाले उम्मेदवारी फिर्ता लिएका छन् ।

व्यास नगरपालिकामा नेकपा (एकीकृत समाजवादी) का तर्फबाट प्रमुखका उम्मेदवार शङ्करनारायण श्रेष्ठले उम्मेदवारी फिर्ता लिनुभएको छ । यसैगरी स्वतन्त्र रूपमा प्रमुखमा उम्मेदवारी दिनुभएका वृषराज श्रेष्ठले पनि उम्मेदवारी फिर्ता लिनुभएको छ। व्यास नगरपालिकामा एकीकृत समाजवादी र नेकपा (माओवादी केन्द्र)बीच गठबन्धन बनेको छ।

नेकपा एसले व्यास-२ का वडाध्यक्षमा राजकुमार श्रेष्ठलाई समर्थन गर्ने बताएको छ । नेकपा एसका वडाध्यक्षका उम्मेदवार प्रेमकुमार श्रेष्ठले उम्मेदवारी फिर्ता लिनुभएको छ । भानु नगरपालिकामा नेकपा (एमाले)का बागी उम्मेदवार हरि पाण्डेले उम्मेदवारी फिर्ता लिँदै आधिकारिक उम्मेदवार सीताराम बजगाईँलाई समर्थन गर्नुभएको छ।

## गभर्नर मुद्दा : अन्तरिम आदेशलाई निरन्तरता

**रासस**
**काठमाडौं, १६ बैशाख**

सर्वोच्च अदालतले राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीमाथि छानबिन गर्ने र निलम्बन गर्ने सरकारको निर्णयविरुद्ध अन्तरिम आदेशलाई निरन्तरता दिएको छ। अदालतले अन्तरिम आदेशलाई निरन्तता दिने निर्णय गरेर गर्भनर अधिकारीलाई काम गर्ने बाटो खुलेको छ ।

न्यायाधीशहरू सपना प्रधान मल्ल र टङ्कबहादुर मोक्तानको संयुक्त इजलासले आज जाँचबुझ समिति गठन गर्ने सरकारको निर्णय कार्यान्वयन नगर्न यसअघि दिएको अन्तरिम आदेशलाई निरन्तरता दिने निर्णय गरेको छ ।

यसअघि न्यायाधीश हरिप्रसाद फुयाँलको यही वैशाख ६ गतेको एकल इजलासले जाँचबुझ समिति गठन गर्ने सरकारको निर्णय कार्यान्वयन नगर्न अल्पकालीन अन्तरिम आदेश गरेको थियो । उक्त विवादमा यही वैशाख १३ गते सुनुवाइ प्रारम्भ भए पनि समय अभावका कारण बिहीबार र शुक्रबसार सुनुवाइ गरेर आदेश गरेको छ ।

गर्भनर अधिकारीले विना जानकारी र विना स्पष्टिकरण आफूमाथि छानबिन गर्ने भनेर समिति गठन गरिएको उल्लेख गर्दै उक्त निर्णय खारेज गर्न आदेश माग गर्दै यही वैशाख ४ गते सर्वोच्च अदालतमा रिट निवेदन दायर गर्नुभएको थियो ।

## सत्ता गठबन्धनभन्दा बाहिरको चुनावी तालमेल खारेज हुने

**पोखरापत्र संवाददाता**
**पोखरा, १६ बैशाख**

पाँच दलीय सत्ता गठबन्धनभन्दा बाहिर अन्य दलहरूसँग भएको चुनावी तालमेल खारेज हुने भएको छ । सत्तागठबन्धन दलका शीर्षनेताको आज प्रधानमन्त्री निवास बालुवाटारमा बसेको बैठकले गठबन्धन बाहिरको चुनावी तालमेल खारेज नगरे सम्बन्धित दलले तत्काल कारबाही गर्ने निर्णय गरेको छ । प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाको अध्यक्षतामा बसेको बैठकले गठबन्धनबीच भएको सहमतिविपरीत विभिन्न दलका प्रतिनिधिले स्वतन्त्ररूपमा दर्ता गरेका उम्मेदवारीलाई तत्काल फिर्ता गर्न पहल गर्ने निर्णय गरेको छ।

यसैगरी गठबन्धनबीच यसअघि केन्द्रबाट भएको सहमतिअनुसार छ महानगरपालिका र ११ उपमहानगरपालिकाका प्रमुख र उपप्रमुख पदमा भएको सहमतिविपरीत गठबन्धन दलबाट दर्ता भएका उम्मेदवारी तत्काल फिर्ता लिने बैठकको निर्णय छ । बैठकपछि कांग्रेस सभापति देउवा, नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपाल, जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादव र राष्ट्रिय जनमोर्चाका उपाध्यक्ष दुर्गा पौडेलले हस्ताक्षर गरी निर्णय सार्वजनिक गर्नुभएको छ।

## उम्मेदवारद्वय सापकोटा र तिवारीको उम्मेदवारी फिर्ता

**पोखरापत्र संवाददाता**
**पोखरा, १६ बैशाख**

पोखरा महानगरपालिकाको प्रमुखमा स्वतन्त्र उम्मेदवारी दिनुभएका नेपाली कांग्रेसका नेताद्वय ऋषिराम सापकोटा र नन्दप्रसाद तिवारीले उम्मेदवारी फिर्ता लिनुभएको छ।

दुबै जनाले शुक्रबार शहीदचोकस्थित मुख्य निर्वाचन अधिकृतको कार्यालयमा गएर उम्मेदवारी फिर्ता लिनुभएको हो । वैशाख ३० गतेका लागि तोकिएको स्थानीय तह निर्वाचनमा पोखराको प्रमुख सत्ता गठबन्धनबाट नेपाल कम्युनिष्ट पार्टी(एकीकृत समाजवादी)को भागमा परेपछि असन्तुष्ट हुँदै उहाँहरूले उम्मेदवारी दर्ता गराउनुभएको थियो । मनोनयन फिर्तापछि सापकोटाले आफूले

बाँकी अन्तिम पृष्ठमा ▶▶

हार्दिक बधाई




श्री ठाकुरप्रसाद पन्त

अन्नपूर्ण प्याथ ल्याबका सल्लाहकार एवं युनाइटेड रेफरेन्स ल्याबोरेटरी प्रा.लि.(युआरएल)का अध्यक्ष **ठाकुरप्रसाद पन्तज्यू** नन्द इन्टरटेन्टमेन्ट हाउसद्वारा स्वास्थ्य क्षेत्रबाट **सोसल आइडल अवार्ड**बाट सम्मानित हुनुभएकोमा **हार्दिक बधाई** तथा आगामी दिनमा उहाँको उत्तरोत्तर प्रगति, सफलता एवं दीर्घायूको कामना गर्दछौं ।

apl annapurna path lab
गीता कार्की पन्त
अध्यक्ष तथा
अन्नपूर्ण प्याथ ल्याब(एपिएल) परिवार
महेन्द्रपुल, पोखरा

वि.सं. २०३९ देखि शिक्षा क्षेत्रमा उत्कृष्ट नतिजा सहित आफ्नो छुट्टै पहिचान बनाउन सफल



लिटिल स्टेप माध्यमिक विद्यालय
सिमलचौर, पोखरा-८ । फोन नं. ०६१-५२५०१३, ५३१२६५, ५५०७२६
नर्सरीदेखि कक्षा ९ सम्म भर्ना खुल्यो !

हाम्रा विशेषता:
» सुविधासम्पन्न विज्ञान र कम्प्युटर ल्याब तथा पुस्तकालय र इन्टरनेटको सुविधा ।
» यातायातको लागि बसको सुविधा।
» शान्त शैक्षिक वातावरण तथा विभिन्न खेलका लागि पर्याप्त खेलमैदान सहित अतिरिक्त क्रियाकलापको लागि दुईवटा इन्डोर र आउटडोर अडिटोरियम हल ।
» मन्टेश्वरी विधिद्वारा अध्यापन साथसाथै छात्रवृत्तिको व्यवस्था ।
» छात्र तथा छात्राको लागि छुट्टा छुट्टै व्यवस्थित छात्रावास ।

भर्ना प्रक्रिया:
» प्लेग्रुप, नर्सरी तथा केजी कक्षामा भर्ना चलीरहेको छ भने कक्षा १ देखि ९ सम्मका लागि भर्ना फारम वितरण भइरहेको छ ।
» प्रवेश परीक्षा (कक्षा १ देखि ९): बैशाख २३ गते, समय: ११ बजे
» नयाँ शैक्षिक सत्र जेष्ठ ५ गतेबाट आरम्भ हुनेछ ।

# सुखी वडाका लागि वडा नं. ४ को नेतृत्व अब एमालेलाई

**पोखरापत्र संवाददाता**
**पोखरा, १६ बैशाख**

नेकपा एमाले वडा नं. ४ ले घरदैलो तथा मतदाता भेटघाट कार्यक्रमको थालनी गरेको छ।

पाँचै जना उम्मेद्वारसहित कार्यकर्ताको टोलीले गणेश मन्दिरमा आशिर्वाद थापी घरदैलो कार्यक्रम शुभारम्भ गरेको हो। उम्मेद्वारहरुले गणेश टोल, सिद्धार्थ चोक, रामकृष्ण टोल, स्काउट भवन लगायतका ठाउँहरुमा घरदैलो तथा भेटघाट कार्यक्रमको थालनी गरेको हो।

घरदैलो कार्यक्रममा बोल्दै वडा नं. ४ का वडा अध्यक्ष पदका उम्मेदवार मदन कुमार मुल्मीले नेकपा एमालेले अघि सारेको "समृद्ध नेपाल, सुखी नेपाली" भन्ने सिद्धान्तलाई आत्मसात गर्दै समृद्ध पोखरा वडा नम्वर ४, सुखी वडाबासी भन्ने मूलमन्त्रका साथ काम गर्ने बताए। साथै, उनले युवा जोश, अग्रजको सल्लाह अनुसार र वडा नम्बर ४ बासीको आवश्यकता र मागलाई सम्बोधन गरेर अगाडि बढ्ने आफ्नो प्रतिबद्धता रहेको उल्लेख गर्दै सामाजिक आर्थिक रुपान्तरण गर्नको लागि, सामुदायिक विद्यालयमा गुणस्तरीय शिक्षामा सुधार ल्याउनको लागि, वडाको फोहोरमैलाको उचित व्यवस्थापन गर्नको लागि, स्वच्छ खानेपानी, सफा बस्ती र राम्रो रहनसहनको लागि, निरोगी वडा स्वस्थ वडाबासी बनाउनको लागि, मौलिक कला र संस्कृतिको संरक्षण गरी पर्यटनमा वृद्धि गर्नको लागि, संस्थागत सुदृढीकरण र संस्थागत विकास गर्नको लागि आफ्नो टीमलाइ वडाबासीले मतदान गर्नेमा विश्वस्त रहेको सुनाए।

उक्त घर दैलो कार्यक्रममा सदस्य पदका उम्मेद्वारहरु सीमा कोइराला, अब्दुल हमिद, लक्ष्मी देवी पराजुली र कमला सिके लगायतले आसन्न निर्वाचनमा सूर्य चिन्हमा मतदान गरी नेकपा एमालेलाई जिताउन घरदैलो कार्यक्रमको थालनी गरिएको र आफ्नो वडावासीको दुःख पीडालाई बुझेर सबैको भावनालाई समेटेर अगाडि बढ्ने पनि प्रतिबद्धता व्यक्त गरे।

# फेवा सहकारीको भद्रकाली चोकमा सेवा केन्द्र संचालन

**पोखरापत्र संवाददाता**
**पोखरा, १६ बैशाख**



सृजना चोक पोखरा-८ मा २७ जना शेयर सदस्यहरू सहभागी भै फेवा बहुउद्देश्यीय बचत तथा ऋण सहकारी सस्था नाम बाट २०५६ सालमा स्थापना भई बित्तीया कारोबार संचालन गर्दै शुक्रबार २३ औ बर्षमा प्रवेश गरी जिरो कि मी फेवा मार्ग पोखरा ५ मा आफ्नै भवनबाट बैकिङ्ग कारोबार संचालन गरि पोखराकै गनिने सहकारी मध्येमा पर्न सफल फेवा सहकारीले जिरो कि मीमा आफ्नै भवनमा प्रधान कार्यालय र सृजना चोकमा सेवा केन्द्र र शुक्रबारदेखि भद्रकाली चोक पोखरा -१३ मा दोश्रो सेवा केन्द्रको शुभारम्भ गरी फेवा सहकारीको २३ सय शेयर सदस्य मध्य सहकारीको पुर्वी क्षेत्र का सदस्यलाई सेवा प्रदान गर्ने उद्देश्य राखी भद्रकाली चोकमा सेवा केन्द्र शुभारम्भ गरिएको हो।

सेवा केन्द्र शुभारम्भ कार्यक्रममा पुजा पाठका साथ सहकारीका अध्यक्ष क्या. चन्द्र प्रसाद गुरुङ्ग र उपाध्यक्ष सम्मर बहादुर श्रेष्ठले दिप प्रज्जलन गरि अध्यक्ष क्या. चन्द्र प्रसाद गुरुङ्ग को सभापतित्वमा शुभारम्भ गरि सेवा केन्द्रमा केन्द्रका प्रमुख हिरा माया गुरुङ्गलाई स्वागत र शाखा संचालन गर्ने जिम्मेवार प्रदान गरिएको उक्त केन्द्रमा केन्द्र आसपासका जनसमुदाय लाई सहज रूपमा बैकिङ्ग कारोबार प्रदान गर्ने उद्देश्य राखीएको उपाध्यक्ष सम्मर बहादुर श्रेष्ठले बताउनु भयो। बैशाख १५ गतेदेखि शुभारम्भ गरिएको सेवा केन्द्रमा स्थानीयबासीहरुको सुविधाका लागी २३ गतेसम्म बैकिङ्ग कारोबारमा बिषेश सुविधा राखीएको उक्त बैकिङ्ग कारोबारको निक्षेप संकलन फिक्स डिपोजीट बचत र बचतमा स्तरिय ब्याज प्रदान गर्ने र ऋण लगानी सहुलियत ब्याज दरमा लगानि गरि सेवा दिने ब्यबस्थापन गरि शुभारम्भ गरिएको उक्त सेवा केन्द्र मा शुभारम्भको पहिलो दिनमै २ करोड ५० लाख रूपैया फिक्स डिपोजीट संकलन गर्न सफल रहेको केन्द्रका प्रमुख हिरा माया गुरूङ्गले बताइन उक्त सेवा केन्द्र शुभारम्भ कार्यक्रममा सहकारीका प्रमुख कार्कारी अधिकृत हरिभक्त पौडेल, राम बजार सोसाइटी युकेका बरिष्ठ सल्लाहाकार महेश गुरुङ्ग, सोसाइटी यूकेका पूर्व अध्यक्ष रूपक गुरुङ्ग, याङ्जाकोट तमु समाज पोखराका अध्यक्ष सु. चन्द्र प्रसाद गुरुङ्ग, नाडा तमु समाज पोखराका अध्यक्ष ईश्वर गुरुङ्ग सस्थाका सचिव डिल बहादुर भट्टराई र सस्थाका कोषाध्यक्ष शेर काजी गुरुङ्ग लगायतका ब्यक्तिहरूले सेवा केन्द्रको स्थापनाले यस भेगका सेवाग्रहिहरूलाई केही राहत हुने बिश्वास भएको बताउनुभयो।

कार्यक्रममा सस्थाका सदस्य किरन बिजुक्छे, सरस्वति देवकोटा, तिलु गुरुङ्, शोभा गुरुङ्ग मोहन गुरुङ्ग र लेख कुमारि गुरुङ्गको सहयोग र उपस्थित रहेको उक्त सेवा केन्द्र शुभारम्भ कार्यक्रममा फेवा बचत तथा ऋण सहकारी सस्थाका उपाध्यक्ष सम्मर बहादुर श्रेष्ठले सेवा केन्द्रको शुभारम्भ कार्यक्रममा उपस्थित सबैलाई मनैबाट स्वागत गर्नु भएको उक्त शुभारम्भ कार्यक्रम फेवा सहकारीका अध्यक्ष क्या.चन्द्र प्रसाद गुरुङ्गको सभापतित्वमा सम्पन्न कार्यक्रमको संचालन सस्थाका प्रबन्धक जगन तिमल्सिनाले संचालन गरेका थिय।

# पोखरा १० का मतदाताहरु एमालेका उमेदवारप्रति आकर्षित

**पोखरापत्र संवाददाता**
**पोखरा, १६ बैशाख**

नेकपा एमाले पोखरा १० को घरदैलो कार्यक्रममा एमालेको उमेदवार प्रति आकर्षित भएका छन।

एमालेले वडामा ८० प्रतिशत महिला उमेदवार उठाएको भन्दै मतदाताहरु आकर्षित भएका हुन। शुक्रबार आयोजित घरदैलो कार्यक्रममा अधिकांश मतदाताहरुले एमालेको उमेदवारलाई जिताउने प्रतिवद्धता दिएको प्रचार प्रसार संयोजक राजु श्रेष्ठले जानकारी दिए।

पोखरा १० मा अघिल्लो स्थानिय तहमा विजयी भएकाहरुले वडाभित्र सोचेजस्तो बिकास नगरेको र मुलुकभरमा एमालेको सरकार र एमालेले विजयी हांसिल गरेका वडाहरुले उल्लेख्य मात्रामा बिकास गरेकाले यो पटक वडा नम्बर १० मा एमालेको विकल्प नरहेको मतदाताहरुले वताएको समेत श्रेष्ठले वताए। एमालेले वडा नम्बर १० मा महिलाको ८० प्रतिशत उमेदवार उठाएकै कारण मतदाताहरुको मन जित्न उमेदवारहरु सफल भएको समेत उनले वताए।

त्यसैगरी घरदैलो कार्यक्रममा पुगेका वडा अध्यक्ष सहितका उमेदवारहरु समक्ष एमालेको सरकारले भुमिहिनको पक्षमा काम गर्न शुरु गर्दै गर्दा सरकार बिगठन भएकाले अहिलेको सरकारले आफुहरुको समस्या समाधानमा लाग्ने हो की नलाग्ने भन्ने अन्यौल भएका कारण अवको बिकल्प एमालेनै रहेको एक भुमिहिनले वताएका थिए।

नेकपा एमाले पोखरा १० को घरदैलो कार्यक्रम अन्तर्गत शुक्रबार अन्नपूर्ण टोल, मियापाटन चोक, अन्नपूर्ण मार्ग लेन ए, बी, सी, डी, ई हुदै पोखरा औधोगिक क्षेत्र भुमिहिन बस्ती हुदै औधोगिक क्षेत्र नहरचोकमा पुगी घरदैलो कार्यक्रम सम्पन्न गरिएको हो।

# पार्टीका उम्मेदवार जिताउन उद्योगी व्यवसायीको निर्वाचन परिचालन कमिटि

**पोखरापत्र संवाददाता**
**पोखरा, १६ बैशाख**

नेपाल राष्ट्रिय उद्योग व्यवसाय महासंघ, पोखरा महानगर कमिटिले आसन्न निर्वाचनमा पार्टीका उम्मेदवारलाई विजयी गराउन प्रचारप्रसार तथा निर्वाचन परिचालन कमिटि गठन गरेको छ। महानगर कमिटि अध्यक्ष हरि भुजेल संयोजक तथा महानगर सचिव हेमराज भण्डारी सह-संयोजक रहने गरी ५०१ सदस्यीय कमिटि गठन गरेको हो।

संयोजक भुजेलका अनुसार कमिटिको सदस्यहरमा महानगर कमिटि सदस्यहरू तथा वडा अध्यक्ष तथा पदाधिकारीहरु रहनेछन्। पोखरा महानगरका सबै ३३ वडामा महानगरबाट ईन्चार्ज र वडाबाट सहईन्चार्ज सहित टोली परिचालन गरिने पनि उनले जानकारी दिए। ३३ वटै वडामा संयोजकहरु पनि तोकिएको छ। वडामा गठित निर्वाचन परिचालन कमिटिसंग समन्वय गर्दै सबै तह र तप्कामा क्रियाशील रहने भुजेलले बताए। संजीवबहादुर कोइरालाको संयोजकत्वमा १६ सदस्यीय सल्लाहकार कमिटि पनि गठन गरिएको छ। पोखरा महागनरका लागि नेकपा एमालेका तर्फबाट मेयरका उम्मेदवार कृष्ण थापाको उपस्थितिमा कमिटि घोषणा गरिएको हो।

## पोखरा...

विकास र पूर्वाधार निर्माण भएको र यसको नेतृत्व एमालेले गरेको बताए। २०७४ को निर्वाचिनमा पोखरामा निर्वाचित प्रमुख मानबहादुर जिसीसहितको टिमले संघीयता कार्यान्वयनको जग बलियो बनाएको थापाले बताए। 'संघियताको जग बसेको छ,' थापाले भने, 'त्यही जगमा टेकेर समृद्ध पोखरा र जनतालाई सुशासनको अनुभूति हुने गरी काम गर्नेछु।' पोखरा महानगर उम्मेदवार थापाले मेयरमा निर्वाचित भएपछि पाउने सेवा, सुविधा सामाजिक कार्यमा खर्च गर्ने बताए। 'जनप्रतिनिधि जनताको सेवक हो शासक होइन,' थापाले भने,' जनप्रतिनिधिका रुपमा पाउने सेवा सुविधा पनि जनताकै हितमा खर्च गर्नेछु।' उम्मेदवार थापाले एमालेबाट फुटेर गएकाले आफू एमाले मै छु भनेर भोट मागेकोले त्यस्तो भ्रममा नपर्न उनले नेता, कार्याकर्तालाई आग्रह गरेका छन्।

कार्यक्रममा उपप्रमुखका उम्मेदवार मञ्जुदेवी गुरुङले पाँच वर्षमा पोखरामा जनप्रतिनिधिले गरेको विकास निर्माण घाम झै छर्लङ्ग भएको बताइन्। महानगरमा सफल रुपमा उपप्रमुखको जिम्मेवारी निर्वाह गरेकी गुरुङले संघियतालाई कार्यान्वयन तहमा लैजान यो पाँच वर्ष कोषेढुंगा सावित भएको बताइन्। यो पाँच वर्षमा जनताले महसुस गर्ने र देखिने गरी विकास निर्माण भएको गुरुङको भनाइ छ। विकास निर्माणसँगै पोखरालाई समृद्ध बनाउन एमालेकै नेतृत्व आवश्यक छ,' उनले भनिन।

वडा नम्बर १६ का अध्यक्षका उम्मेदवार राजेश गुरुङले एमालेको नेतृत्वमा मात्र विकास र समृद्धि सम्भव भएको बताए। यो पाँच वर्षमा वडा नम्बर १६ मा सडक, खानेपानी लगायत जनताका आधारभूत आवश्यकतालाई पूरा गर्न सकिएको भन्दै आगामी पाँच वर्षमा बाँकी रहेका कामलाई पूरा गर्ने प्रतिवद्धता व्यक्त गरे। वडा नम्बर १६ का अध्यक्ष जीवन आचार्यले अहिलेको चुनाव विकास प्रेमी र विकास विरोधी बीचको चुनाव भएको बताए। जनताले विकास प्रेमी एमालेका उम्मेदवारलाई विजय गराउनेमा आफू विस्वस्त रहेको आचार्यको भनाइ छ। वडा नम्बर १६ चुनाव परिचालन कमिटी संयोजक विनोद अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा सचिव यमनकाजी गुरुङले एमालेका उम्मेदवारलाई जिताउन आग्रह गरेका थिए भने कलाकार पदमराज ढकाल, जीवन दाहाल, शिवहरि ढुंगाना, रतिमाया खड्का, लक्ष्मी नेपाली, माया गिरी, बुद्धि खनाल र शीतला अधिकारीले गीत मार्फत् एमालेका उम्मेदवारको पक्षमा भोट मागेका थिए। प्रमुख र उपप्रमुखसहितका उम्मेदवारले पोखरा १६, १ र २५ नम्बर वडामा घरदैलोसहित चुनाव प्रचार कार्यक्रम गरेका छन्।

## उम्मेदवारद्वय...

साङ्केतिकरूपमा गठबन्धनको विरोधमा उम्मेदवारी दिएपनि पार्टी नेतृत्वले आगामी दिनमा आमकार्यकर्ताको भावनाअनुसार अघि बढ्ने प्रतिवद्धता जनाएकाले फिर्ता भएको बताउनुभयो। उहाँले भन्नुभयो, "आफ्नो कारणले केन्द्रको गठबन्धन विग्रन सक्ने सम्भावना र पार्टी केन्द्रको निर्देशन, नेताको आग्रहअनुसार उम्मेदवारी फिर्ता लिएको हुँ। हामीले हाम्रा असन्तुष्टि पार्टी नेतासमक्ष स्पष्ट राखेका छौं। आगामी दिनमा त्यसलाई सम्वोधन हुने विश्वास छ।" उम्मेदवारी फिर्तापछि आफूहरूको समर्थन गठबन्धनका साझा उम्मेदवार एकीकृत समाजवादीका धनराज आचार्यलाई रहने र गठबन्धनका उम्मेदवारलाई विजयी गराउन लागि पर्ने तिवारीले बताउनुभयो।


## डढेलोबाट बचौ र बचाऔ।

◆सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौ,

◆जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौ र गर्नै पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोगरी निभाऔ,

◆वन जंगलमा धुम्रपान नगरौं,

◆हाम्रो सानो असावधानीले जंगलमात्र होईन आसपासका वस्ती समेत उजाड हुन सक्छन्,

◆जन, धन र वनको संरक्षण गरौं,


*सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं।*

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

## कपालको उपचार

**कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## कर्मचारी आवश्यकता

पोखरा महानगर वडा नं. ४ गैह्रापाटन स्थित G Six Venture Pvt. Ltd. मा तपसिल बमोजिम कर्मचारी आवश्यकता परेको हुनाले इच्छुक योग्यता पुगेका व्यक्तिहरुले मिति २०७९/०१/१६ गतेभित्र तल उल्लेखित e-mail मा आफ्नो व्यक्तिगत विवरण सहित निवेदन पेश गर्नुहोला।

| पद | संख्या | न्यूनतम योग्यता |
|---|---|---|
| Pharmacist (License भएको) | केही | B Pharm/ D Pharm |
| व्यवस्थापक | १ | कुनै विषयमा स्नातक गरेको |

नोटः सेवा सुविधा आपसी समझदारीमा तय गरिने छ।
दुवै पदमा एक वर्ष कार्य अनुभव हुनुपर्ने छ।
सम्पर्कः
९८६०३९४४६८
g.sixventure77@ gmail.com
srj.krl@gmail.com/ kisan199@gmail.com.

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरूषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता**: अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्वार सम्वन्धी रोग**: छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समयः** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# मनकारी मिनबहादुरको माछापुच्छ्रे हाँक्ने हुटहुटी

पोखरापत्र संवाददाता
पोखरा, १६ बैशाख

कास्कीस्थित माछापुच्छ्रे गाउँपालिकामा नेपाली काँग्रेसले मिनबहादुर गुरुङलाई अध्यक्षको उम्मेदवार बनाएको छ। मनकारी छवि बनाएका मिनबहादुरलाई पालिकावासीले समाजसेवीको रुपमा पनि चित्रित गर्छन्।

असल सामाजिक व्यक्तित्व, विभेदरहित व्यवहार र शालिन प्रस्तुती भएकै कारण उनलाई गाउँपालिका अध्यक्षका लागि टिकट दिइएको पार्टी वृत्तमा चर्चा हुने गरेको छ। कास्की क्षेत्र नं ३ तरुण दलको सभापति भएर युवाको सफल नेतृत्व गरिसकेका मिनबहादुरलाई गाउँपालिकामा भूगोल अनुरुपको विकास र समृद्धि ल्याउने हुटहुटी छ। उनि भन्छन् ,'महत्वकांक्षी योजनाहरुमा समय खेर फाल्ने मनसाय मेरो छैन। पालिकावासीले प्रत्यक्ष अनुभुत गर्ने र कार्यकालमा सक्ने योजनाहरु छन्।' विशेषतः शिक्षा, स्वास्थ्य,कृषि र पर्यटनमा गाउँपालिकालाई अब्बल बनाउने उनले बताए।

शिक्षा नै सवीपरी भएको जनाउँदै उनले भने,'हामीले हालसम्म सञ्चालनमा रहेका सरकारी विद्यालयलाई थप स्तरोन्नती गर्ने योजना बनाएका छौँ। अहिले १० कक्षासम्म सञ्चालन भइरहेका हरेक विद्यालयलाई थप व्यवस्थित गर्दै प्लस टू तहसम्म सञ्चालनमा लयाउनेछौँ।' माध्यमिक तह सम्मका हरेक विद्यालयमा स्टाफ नर्सको व्यवस्था गर्दै विद्यार्थीको स्वास्थ्य प्रोफाइलको काम अघि बढाउने उनको भनाई छ। गाउँपालिकामा ६० वर्ष माथीका वृद्धवृद्धाको स्वास्थ्यलाई मध्यनजर गर्दै स्वास्थ्य सेवा निशुल्क गर्ने उनको योजना छ। ४० वर्ष माथिकालाई प्रत्येक ६ महिनामा निशुल्क मधुमेह परिक्षणसँगै प्रत्येक वडामा 'गाउँपालिका अध्यक्ष, उपाध्यक्षसँग ज्येष्ठ नागरिक' कार्यक्रम सञ्चालन गरिने उनले बताए। 'स्वास्थ्य नै धन हो भनिन्छ नि।हो, हामी यो कुरामा पनि संवेदनशिल छौँ। पालिकाका प्रत्येक स्वास्थ्य संस्थामा बेसिक इमर्जेन्सी अब्सट्रेटिक केयर सुरु गराइहाल्छौँ। महिलाहरुको हकमा पाठेघरको क्यान्सरको खोजड्ताल गरि उपचारको व्यवस्था गर्छौं', उनले भने। माछापुच्छ्रे गाउँपालिका कृषिका लागि उर्वर भूमी हो। पालिकावासीलाई कृषिमा आकर्षण गर्नेगरी पकेट क्षेत्र बनाएर विशेष प्याकेज ल्याउने उम्मेदवार मिनबहादुरको योजना छ।कृषिलाई थप आधुनीकिकरण गर्दै एग्रो टुरिज्मको अवधारणा अघि बढाइने उनले बताए।

नेपाली कांग्रेस माछापुच्छ्रे गाउँपालिकाका वर्तमान उपसभापति समेत रहेका मिनबहादुर पालिकाको आर्थिक समृद्धिका लागि पर्यटनलाई थप उचाइमा पुर्याउन विविध योजना तयार रहेको जनाए। 'पर्यटनको प्रचुर सम्भावना हुँदाहुँदै पनि यहाँ केही हुन सकिरहेको छैन। ठोस कार्ययोजना बन्न सकेन। हामी ठोस व्यवहारीक योजनासहित अघि बढ्छौँ', उनले सुनाए।

माछापुच्छ्रे नमुना पैदल मार्ग र मार्दी हिमाल पदयात्रालाई जोडेर पर्यटकको बसाई लम्ब्याउँदै स्थानीय जनजिविकासँग प्रत्यक्ष सरोकार राख्ने गरि विकास गर्ने उनको योजना छ। भन्छन् 'अझै पनि माछापुच्छ्रे नमुना पैदल मार्गको प्रचारप्रसार अभाव छ। हामीले माछापुच्छ्रे र मार्दी पदयात्रालाई जोड्यौं भने पर्यटकको बसाई लम्बिनेमा दुई मत छैन। त्यति मात्र होइन, क्यानोइङ, रक क्लाइम्बिङ, प्याराग्लाडिङ लगायतका साहसिक पर्यटकिय गतिविधिलाई पनि थप चलायमान बनाइने छ।'

पर्यटनसँगै जोडिएको होमस्टे लाई थप प्रवर्द्धन र प्रचारप्रसार गर्दै स्थानिय उत्पादन खपत हुनेगरी कार्ययोजना अघि बढाउने उनको भनाई छ। पर्वतारोहण पारखीको ध्यान केन्द्रित हुनेगरी अन्तर्राष्ट्रिय स्तरको 'पर्वतारोहण अध्ययन केन्द्र' सञ्चालनमा ल्याउने उनको दाबी छ। मार्दी हिमाल ट्रेकका व्यवसायीहरुकालागि गाउँपालिकाले अभिभावकत्व लिँदै थप व्यवस्थित त संरक्षण गर्ने आफ्नो योजना रहेको मिनबहादुरले सुनाए। उनले ग्रामीण सडकहरुलाई स्तरोन्नती गर्दै आवश्यक क्षेत्रहरुमा नयाँ ट्र्याक खोलिने उल्लेख गरे। पालिकाका सबै क्षेत्रलाई सडक सम्पर्कमा ल्याउने उनको योजना छ। माछापुच्छ्रे गाउँपालिकामा रहेका बालुवा, गिट्टी, ढुङ्गा लगायतका खानीहरुलाई नीति अनुरुप कडाई एवं व्यवस्थित गरिने उनको भनाई छ।

यस्तै खानेपानीका लागि तत्काल कार्यान्वयनमा लैजाने गरि विविध योजना तयार गरिएको उनको दाबी छ।

# तनहुँमा मतपत्र आइपुग्यो

पोखरापत्र संवाददाता
दमौली, १६ बैशाख

आसन्न स्थानीय तह निर्वाचनका लागि तनहुँमा मतपत्र आइपुगेको छ। नेपाली सेनाको सुरक्षामा तनहुँमा बिहीबार मतपत्र ल्याइएको हो। नेपाली सेनाले मुख्य निर्वाचन अधिकृतको कार्यालयमा मतपत्र ढुवानी गरेको छ।

तनहुँमा ५३८ पेटी मतपत्र आइपुगेको जिल्ला निर्वाचन कार्यालयका प्रमुख हरिप्रसाद ढकालले जानकारी दिनुभयो। जिल्लाका लागि दुई लाख ६९ हजार थान मतपत्र आइपुगेको छ। ढुवानी गरिएका मतपत्र मुख्य निर्वाचन अधिकृतको कार्यालयमा राखिएको छ। "निर्वाचनलाई आवश्यक ६१ प्रकारका सामग्री आइपुगेको छ", ढकालले भन्नुभयो।

निर्वाचन कार्यालयका अनुसार रबरम्याट, स्ट्याम्पप्याड, स्वस्तिक छाप, लाहाछाप, मार्कर पेन, स्यानिटाइजर, कैची, कर्मचारी परिचयपत्र, स्वयंसेवक परिचयपत्रलगायत सामग्री आइपुगेको छ। निर्वाचनका लागि कर्मचारी खटनपटनको कामका लागि निर्वाचन आयोगले कर्मचारी, शिक्षक सङ्घ सङ्गठनहरूसँग बिहीबार छलफल गरेको छ। निर्वाचनमा खटिने कर्मचारीको विवरण सङ्कलन भइसकेको ढकालले जानकारी दिनुभयो। जिल्लाका दशवटै स्थानीय तहमा उम्मेदवारी दर्तापछि राजनीतिक दलहरूले घरदैलो अभियान सुरु गरिसकेका छन्। निर्वाचनका लागि यहाँ दुई हजार ३७६ जनशक्ति परिचालन गरिँदैछ। निर्वाचनका लागि १३६ मतदानस्थल र २९७ मतदान केन्द्र निर्धारण भएको छ। निर्वाचनका लागि २९७ मतदान अधिकृत, २९७ सहायक मतदान अधिकृत, ५९४ सहायक, २ ९७ सहयोगी परिचालन गरिने बताइएको छ। यसका साथै मतदान केन्द्रमा ८९१ कर्मचारी नियुक्त गरिनेछन्। तनहुँका दुई लाख ४४ हजार ३४० मतदाताले मतदान गर्दैछन्। गत स्थानीय तह निर्वाचनभन्दा यसपटक ४९ हजार आठ सय ६९ मतदाता थपिएका छन्। विसं २०७४ सालको स्थानीय तह निर्वाचनमा जिल्लामा एक लाख ९४ हजार चार सय ७१ मतदाता थिए। निर्वाचनमा आँबुखैरेनीमा ६ हजार ६४२ पुरुष र ६ हजार ९८९ गरी १३ हजार ६ सय ३१, ऋषिङ गाउँपालिकामा आठ हजार ९५१ पुरुष र नौ हजार दुई सय ८७ महिला गरी १८ हजार दुई सय ३८, घिरिङ गाउँपालिकामा सात हजार एक सय १७ पुरुष र सात हजार पाँच सय ५९ महिला गरी १४ हजार ६ सय ७६, देवघाट गाउँपालिकामा ६ हजार तीन सय ७५ पुरुष र ६ हजार चार सय ४० महिला गरी १२ हजार आठ सय १५ मतदाता कायम भएका छन्।

यस्तै बन्दीपुर गाउँपालिकामा सात हजार पाँच सय ६४ पुरुष र आठ हजार ७४ महिला गरी १५ हजार ६ सय ३८, भानु नगरपालिकामा १९ हजार पाँच सय ४४ पुरुष र २० हजार नौ सय ५२ महिला गरी ४० हजार चार सय ९६, भिमाद नगरपालिकामा ११ हजार आठ सय ९९ पुरुष र १२ हजार नौ सय ८५ महिला गरी २४ हजार आठ सय ८४, म्याग्दे गाउँपालिकामा आठ हजार पाँच सय ७९ पुरुष र नौ हजार पाँच सय २६ महिला गरी १८ हजार एक सय पाँच, व्यास नगरपीलकामा २२ हजार चार सय १३ पुरुष र २५ हजार एक सय २९ महिला गरी ४७ हजार पाँच सय ४२, शुक्लागण्डकी नगरपालिकामा १८ हजार ५० पुष र २० हजार दुई सय ६५ महिला गरी ३८ हजार ३१५ मतदाता रहेका छन्।

# वालिङमा खाँणको जित् सुनिश्चित्

श्रीकृष्ण सिग्देल
स्याङ्जा, १६ बैशाख

नेपालभरी चर्चित नगरपालिका मध्येको एक हो वालिङ नगरपालिका।

स्याङ्जा जिल्लाको मध्यभागमा रहेको वालिङ नगरपालिकामा कुनपार्टीले बाजी मार्ला भन्ने बिषय पेचिलो बन्दै गएको छ। स्मार्ट सिटीको अवधारणा बोकेको नगरपालिकामा नेपाली काँग्रेसले बिजयी हासिल गर्दै आएको थियो। २०५४ सालमा भएको निर्वाचन र २०७४ सालमा भएको स्थानीयतहको निर्वाचनमा बाजी मार्दै आएको नेपाली काँग्रेसले यो पटक पनि बाजी मार्ने अनुमान गरिएको छ।

२०७९ को स्थानीयतहको निर्वाचनमा एमालेले काँग्रेसले जित्दै आएको किल्ला भत्काउने गरी रणनीतिक तवरले लागेको छ। नेपाली काँग्रेसले २०७४ मा निर्वाचित भएका नगर प्रमुख दिलिपप्रताप खाँणलाई दोहोराएको छ भने नेकपा





एमालेले २०५४ सालमा नगर प्रमुखमा पराजित भएका कृष्ण खाँणलाई नगर प्रमुखको रुपमा उभाएको छ। दुवै खाँण अत्यन्तै मिल्ने साथीका रुपमा परिचित छन्।

दुवैजना एउटै पदमा चुनाव नलड्ने आरोप खेप्दै आएका खाँणलाई २०७९ को स्थानीयतहको निर्वाचनले एउटै पद्मा चुनाव लड्न बाध्य पारेको छ। वालिङका नागरिक सगँ भित्रैबाट घुलमिल गरेका दिलिपप्रताप र कृष्ण खाँणको नगर प्रमुखमा कडा प्रतिस्पर्धा हुने बताइएको छ। २०५४ र २०७४ सालको निर्वाचनमा भारीमतान्तरले दिलिपप्रताप खाँण निर्वाचित भएका थिए भने २०५४ को निर्वाचनमा नगर प्रमुखमा झिनो मतान्तरले कृष्ण खाँण पराजित भएका थिए। कृष्ण खाँण २०७० को संविधानसभा निर्वाचनमा पनि झिनो मतान्तरले सभाषद बन्नबाट रोकिएका थिए।

राजनीतिक उचाईमा नेकपा एमालेको नगर, क्षेत्र हुदै जिल्ला उपाध्यक्ष बन्न सफल भएका कृष्ण खाँण अवसर पाएका व्यक्ति हुन्। अवसरबाट सफल हुन नसकेका कृष्ण खाँण यो पटक जसरी पनि वालिङ नगरको नगर प्रमुखमा जितहात पार्ने दाउमा छन्। दिलिपप्रताप खाँण भने लामो समय नेपाली काँग्रेसको नगरसभापति हुदै हालै सम्पन्न १४ औं महाधिवेसनमा लोकप्रिय मतसगै क्षेत्रीय सभापतिमा निर्वाचित भएका थिए। उपप्रमुख हुदै प्रमुख भुमिका निर्वाह गरेका दिलिपप्रताप खाँण नेपालभरीका नगरपालिकाहरु मध्ये निकै चर्चित मेयरका रुपमा परिचिय बनाएका व्यक्ति हुन्। आफुले कोरेको स्मार्ट सिटीको अवधारणालाई यो ५ बर्षमा पुरा गर्ने अठोट लिएर पुन नगर प्रमुखमा बिजयी हुने अठोटका साथ लागेका छन्।

दुवै उमम्मेदवारका कारण मतदान कसलाई गर्ने भन्ने अन्योलमा वालिङका मतदाता रहेको बताइएको छ। जुन खाँणले बिजयी भएपनि वालिङ नगरपालिकाको बागडोर खाँणकै काधमा जाने सुनिश्चित भएको छ। यो कुन खाँणको काधमा जाने छ भन्ने बिषय भने बैशाख ३० गतेको निर्वाचन परिणाम पछि मात्रै थाहा हुने छ।

# ठेक्का लागेको तीन वर्षपछि सडक कालोपत्र

पोखरापत्र संवाददाता
म्याग्दी, १६ बैशाख

म्याग्दी सदरमुकामस्थित बेनी नगरपालिका-७ मङ्गलाघाटमा सडक कालोपत्र गरिएको छ। मङ्गलाघाटदेखि हाडेभिर हुँदै बगरफाँट जोड्ने एक हजार ४०० मिटर लामो सडक कालोपत्र गर्न तीन वर्ष लागेको हो।

मङ्गलाघाटमा आक्सफाल्ट प्रविधिको कालोपत्र गरेको निर्माण कम्पनीले हाँडेभिरदेखि बगरफाँटतर्फ जोड्ने सडक कालोपत्र गर्न बेस र सब बेस राखेको छ। सघन सहरी विकास डिभिजन कार्यालय बागलुङले सञ्चालन गरेको उक्त योजना देव एण्ड सायर-बिएन-त्रिशक्ति जेभीले रु पाँच करोडमा ठेक्का लिएको थियो। दुई वर्षमा सम्पन्न गर्ने लक्ष्यसहित २०७५ माघमा सम्झौता भएको थियो। सम्झौताअनुसार २०७७ माघमा काम सकिनुपर्ने थियो। मङ्गलाघाटको तल्लो बजार क्षेत्रमा करिब २०० मिटर सडक ढलान २०७५ साउनमै गरिएको थियो।निर्माणकम्पनीकाप्रतिनिधि रोहन श्रेष्ठले मङ्गलाघाटमा कालोपत्रगरिसकेकोरकेही दिनमा हाँडेभिरदेखि बगरफाँटतर्फको सडक पनि कालोपत्र गरिने बताउनुभयो।सम्बन्धितकार्यालयले पर्याप्त बजेट व्यवस्थापन गर्न नसकेकोआयोजनामाव्यवसायीको लापरबाही र ढिलासुस्ती रहेको मङ्गलाघाटवासी सुवासकुमार श्रेष्ठले बताउनुभयो। सडक कालोपत्र नहुँदा मङ्गलाघाटका बासिन्दालाई हिलो र धुलोले सास्ती भएको थियो। कालोपत्रसँगै हिलो र धुलोको समस्या हटेको छ। साँघुरो सडक छेउमा थुपारिएका निर्माण सामग्रीले आवतजावतमा समस्या र दुर्घटनाको जोखिम बढाएको भन्दै मङ्गलाघाटका बासिन्दाले गत वर्ष आन्दोलन नै गरेका थिए। हाडेभिर-बगरफाँट भकिम्ली, सिंगा र बरङ्जालाई सदरमुकाम बेनीसँग जोड्ने सडकको नाका हो। निर्माण कम्पनीका प्रतिनिधि नारायण जिसीले कोरोना महामारी र निषेधाज्ञाका कारण पटकपटक प्रयास गर्दा पनि काम गर्न नपाउँदा ढिलाइ भएको बताउनुभयो। उहाँले सडक निर्माण र कालोपत्र गरे पनि सम्बद्ध कार्यालयले बजेट विनियोजन नगरेको हुँदा समस्या भएको बताउनुभयो।

अक्सपाल्ट प्रविधिको कालोपत्रेका लागि गर्मी मौसम आवश्यक पर्छ। चिसोमा काम गर्न गाह्रो हुन्छ। यसअघिको दुई वर्षको गर्मीयाममा कालोपत्रको तयारी गर्दा कोरोना महामारी फैलिएपछि रोकिएको थियो। हाँडेभिरदेखि बगरफाँटसम्म नाली बनाउने, सडक फराकिलो र पर्खाल लगाउने काम ससम्पन्न भएको छ।

# तनहुँमा ९५ उम्मेदवारद्वारा मनोनयन फिर्ता

पोखरापत्र संवाददाता
तनहुँ, १६ बैशाख

तनहुँमा ९५ उम्मेदवारले शुक्रबार आफ्नो मनोनयन फिर्ता गरेका छन्। वैशाख ३० गते हुन गइरहेको स्थानीय तहको निर्वाचनको लागि उम्मेदवारी दिएका उनीहरूले मनोनयन फिर्ताको अन्तिम दिन आफ्नो मनोनयन फिर्ता गरेका हुन्।


व्यास नगरपालिकाको मेयरतर्फ नेकपा एसको तर्फबाट शङ्करनारायण श्रेष्ठ र स्वतन्त्र उम्मेदवार वृषराज श्रेष्ठले मनोनयन फिर्ता गर्नुभएको जिल्ला निर्वाचन कार्यालय तनहुँले जनाएको छ। त्यसैगरी वडाध्यक्षतर्फ व्यास नगरपालिका-१ मा राप्रपाबाट बलसुर थापा मगर, २ मा नेकपा एसबाट प्रेमकुमार श्रेष्ठ, ३ को वडाध्यक्षमा स्वतन्त्रबाट रवीन पौडेल, ३ मा विकेकशील साझा पार्टीका नन्लबहादुर थापा, ५ मा नेकपा एसबाट रामलाल श्रेष्ठ, १० मा स्वतन्त्रबाट रवी मिश्र, ११ मा नेकपा माओवादी केन्द्रबाट आइतबहादुर दमै र ११ मा स्वतन्त्रबाट सुशील पौडेलले मनोनयन फिर्ता गर्नुभएको हो।

महिला वडा सदस्य पदमा व्यास-२ मा नेकपा एसबाट सपना श्रेष्ठले मनोनयन फिर्ता गर्नुभएको छ। खुल्ला सदस्यमा व्यास-२ मा स्वतन्त्रबाट ओमराज श्रेष्ठ, ३ मा नेकपा एसबाट विष्णु पराजुली, नेकपा एसबाटै जेर्मी कुमार मुल्मी र जसपाबाट बुद्धसिं थापाले मनोनयन फिर्ता गर्नुभएको छ। व्यास-१३ मा नेकपा माओवादी केन्द्रबाट रामबहादुर क्षेत्री र नेकपा एसबाट गजिन्द्रराज पन्थले मनोनयन फिर्ता गर्नुभएको छ। त्यसैगरी व्यास-८ मा नेकपा माओवादी केन्द्रबाट रामजी पौडेलले मनोनयन फिर्ता गर्नुभयो। व्यास नगरपालिकामा १८ उम्मेदवारले मनोनयन फिर्ता गरेको लिखित नामावली आइसकेको जिल्ला निर्वाचन अधिकृत हरिप्रसाद ढकालले जानकारी दिनुभयो। अन्य बाँकी नौ पालिकाबाट ७७ उम्मेदवारले मनोनयन फिर्ता गरेको मौखिक जानकारी आए पनि लिखित आइनसकेको उहाँले बताउनुभयो।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : आर्थिक समस्या |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : मानसिक तनाव |
| मिथुन | : सम्मान मिल्नेछ | धनु | : शारीरिक झमेला |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : शत्रुको भय |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : मन चञ्चल | मीन | : झमेला बढ्ने |

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।



# मतदाता भेट्न घरदैलोमा मादीका एमाले उम्मेद्वार

**पोखरापत्र संवाददाता**
**पोखरा, १६ बैशाख**

कास्कीको मादी गाउँपालिकामा नेकपा (एमाले)ले चुनावी घरदैलो अभियान सुरु गरेको छ। मादी-३ कुस्कु डाँडाबाट एमालेले घरदैलो अभियान सुरु गरेको हो।

मादी ३ याङ्जाकोट, मादी ४ घामलुङ (सृष्टि टोल)का वस्तीमा शुक्रबार घरदैलो गरिएको एमाले पालिका कमिटी सचिव सुवास सापकोटाले जानकारी दिए । गाउँपालिका अध्यक्ष उम्मेद्वार, शिवबहादुर गुरुङ (महेन्द्र), उपाध्यक्ष उम्मेद्वार कल्पना गुरुङ, वडाध्यक्ष र वडा सदस्य उम्मेद्वारसहित एमालेका स्थानीय नेता-कार्यकर्ता घरघरै मत माग्न पुगेका हुन् । कुस्कु डाँडामा आयोजित सभालाई सम्बोधन गर्दै अध्यक्षका उम्मेद्वार महेन्द्र गुरुङले सुखी नेपाली, समृद्ध नेपालको नारालाई पुरा गर्न आफू नेतृत्वको टोली सक्षम रहेको बताए। हालको पालिका सरकारले सुरु गरेको कामलाई पुरा गर्ने उनको प्रतिबद्धता छ। 'हिजो गाउँका गोरेटो बाटोमा भिरपाखामा लडेर हिँड्नुभयो । आज त्यहाँ मोटर माटो खोलिएको छ। त्यो बाटोलाई स्तरोन्नति गर्छु,' उनले भने । आफूले खेलकुद विकास समितिमा बसेर काम गरेको बताउँदै उनले खेलकुद पूर्वाधार विकास पनि आफ्नो प्राथमिकता भएको सुनाए। मादीमा ४० लाख रुपैयाँ लागतमा रंगशाला बनाउन बजेट छुट्याए पनि प्रदेश सरकार फेरिएसँगै बजेट काटिएको उनको भनाइ थियो । उनले कृषिमा परम्परागत शैली नभई नयाँ प्रविधिको प्रयोग गर्ने बताए । 'हामी वर्षमा तीन खेती मकै, कोदो र धान लगाउँछौं। यहाँको माटोको परीक्षण गरेर वर्षमा हुन सक्ने खेती अध्ययन गर्छौं,' अध्यक्ष उम्मेद्वार गुरुङले भने, 'वर्षमा पाँच थरी खेती गर्न सकिने गरी हाइब्रिड बिरुवा दिन्छौं । यसले आम्दानी पनि हुन्छ ।' उपाध्यक्ष उम्मेद्वार कल्पनाले आफूहरु भोट माग्नमात्रै नभई जितेर गएपछि पनि जनताको समस्या बुझ्न वस्तीवस्ती आउने बताइन् । पालिका ठूलो भएको र पिछ्डिएका वडा र वर्गलाई प्राथमिकता दिने उनले प्रतिबद्धता जनाइन्।

गाउँपालिका अध्यक्ष वेदप्रसाद गुरुङले असहज परि स्थितिमा पनि आफूले गरेको काम जनताले मूल्यांकन गरेकाले फेरि एमालेले जित्ने दाबी गरे । कोरोना महामारीले गर्दा पुरा गर्न खोजेका काम हुन नसकेकोमा माफी मागे। 'म नेतृत्वको टिमको दुई वर्ष कोरोना महामारीले असहज भयो। अहिले युवा जोस गाउँपालिका हाँक्न आएको छ । यो जोसमा अझ उत्साह थप्नपर्छ,' गुरुङले भने। मादी ३ का वडाध्यक्ष उम्मेद्वार जेमप्रसाद गुरुङले खानेपानी पुग्न बाँकी रहेका घरघरमा पानी पुऱ्याउने वाचा गरे। त्यस्तै पालिकाभित्रका मूल सडक कालोपत्रे गर्न पहल गर्ने बताए। 'पहिला थोरै मतले हाम्रो वडामा एमाले पछि पऱ्यो। यसपटक जित्ने गरी लागेका छौं,' उनले भने, 'हाम्रो नेतृत्व नहुँदा वडामा स्थानीयले खोजेजस्तो काम हुन सकेन । एकपटक अवसर पाए काम गरेर देखाउँछौं।'

# पर्वतमा ९७ जनाले फिर्ता लिए उम्मेदवारी, ८६० कायम

**पोखरापत्र संवाददाता**
**पर्वत, १६ बैशाख**

पर्वतमा यही वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनका लागि उम्मेदवारी दिएकामध्ये ९७ जनाले फिर्ता लिएका छन्। जिल्लाका दुई नगरपालिका र पाँच गाउँपालिकामा गरी ९७ जनाले उम्मेदवारी फिर्ता लिएका हुन्।

फिर्ता लिनेमा छ जना प्रमुखका उम्मेदवार, दुईजना उपप्रमुख, २५ जना वडाध्यक्ष, १२ जना महिला वडा सदस्य, नौ दलित महिला सदस्य र ४३ जना खुल्ला सदस्यले उम्मेदवारी फिर्ता लिएका हुन् । जिल्लाको कुश्मा नगरपालिकाबाट २४, फलेवासबाट २९, मोदी गाउँपालिकाबाट छ, जलजलाबाट पाँच, विहादीबाट २३, पैँयुबाट चार र महाशिलाबाट छ जनाले उम्मेदारी फिर्ता लिएको जिल्ला निर्वाचन अधिकारी लक्षु शर्माले जानकारी दिनुभयो। यही वैशाख ११ र १२ गते दर्ता भएका ९५७ मध्ये ९७ जनाले फिर्ता लिएपछि जिल्लाभर ८६० जनाको उम्मेदवारी कायम भएको शर्माले जानकारी दिनुभयो । उहाँका अनुसार प्रमुख वा अध्यक्षमा ४१, उपप्रमुखमा २६, वडाध्यक्षमा १९० जनाको उम्मेदवारी कायम भएको छ। त्यसैगरी महिला वडा सदस्यमा १४१, दलित महिला वडा सदस्यमा १३८ र खुल्ला सदस्यमा ३२४ जनाको उम्मेदवारी कायम भएको छ । पालिकाअनुसार हेर्दा कुश्मा नगरपालिकामा २०१, मोदी गाउँपालिकामा ११९, जलजला गाउँपालिकामा १३३, फलेवास नगरपालिकामा १५७, विहादी गाउँपालिकामा ७८, पैँयु गाउँपालिकामा १०० र महाशिला गाउँपालिकामा सबैभन्दा थोरै ७२ जनाको उम्मेदवारी कायम भएको छ।



वडा नं १३ मा उम्मेदवारको घरदैलो जारीः पोखरा महानगरपालिका वडा नं १३ मा वडा अध्यक्षमा उठेका बसन्त वराल(राजु) आफ्ना चार सदस्य लिएर शुक्रवार पनि घरदैलो कार्यक्रमलाइ जारी राखेका छन् । वरालको साथमा महिला सदस्यमा कृष्णकुमारी गुरुङ, दलित महिला सदस्य कमला विक, खुल्ला सदस्य निलकण्ठ सिग्देल, र अमजत अलिमियाँ छन् । उल्लेखनीय सहभागितामा घरदैलो कार्यक्रम एक हप्ता अघि देखी आज सम्म जारी रहेको युवा नेता रवि वरालले पोखरापत्रालइ वताए । फोटो-पोखरापत्र

# पोखरा ७ मा एमालेको प्रतिवद्धतापत्र सार्वजनिक

**पोखरापत्र संवाददाता**
**पोखरा, १६ बैशाख**

नेकपा एमालेले पोखरा महानगरपालिका वडा नं. ७ मा प्रतिवद्धतापत्र सार्वजनिक गरेको छ। शुक्रवार वडा नं. ७ निर्वाचन कमिटी उम्मेदवार परिचय तथा प्रतिवद्धता पत्र सार्वजनिक कार्यक्तमको अयोजना गरेको हो । प्रतिवद्धता पत्रमा सतप्रतिशत साक्षरता वडा निर्माणका लागि विद्यालय उन्मुख बालबालिकाहरुलाई भर्ना अभियानमा जागरुक गराउने तथा विद्यार्थी भर्ना अभियानमा वडा शिक्षा समितिद्धारा आवश्यक कार्यक्रमहरु गरिने, वडाभित्र पर्ने सरकारी अस्पताल, स्वास्थ्य संस्थाहरुमा निःशुल्क वितरण गर्ने औषधीहरुको पहुँच वृद्धि गर्न पहल गर्ने तथा त्यस्ता संस्थाहरुको अनुगमन गरिने, तरकारीमा आत्मनिर्भर वडाको रुपमा विकास गर्न वडा भित्र बसोबास गर्ने कृषकहरुलाई उन्नत बिउ विजनको व्यवस्था गरिने छ। त्यसैगरी कौसी खेती तथा कृषि विकासको लागि कृषकलाई आवश्यक तालिम उपलब्ध गराइने, दलित, जनजाति, एकल महिला तथा आर्थिक विपन्न वर्गको लागि आश्वयकता बमोजिम आर्थिक विकासका कार्यक्रमहरुलाई अगाडी बढाउन सीप विकासका कार्यक्रमहरु आयोजना गरिने, वडा नं. ७ को समग्र वडा प्रोफाईल तयार गरिने, सेवा प्रवाहलाई प्रविधि मैत्री र अपाङ्ग मैत्री बनाइने, वडामा रहेको सार्वजनिक सम्पत्तीको संरक्षण गरिने, वडा भित्रका सार्वजनिक खुला क्षेत्रहरुको संरक्षण गर्दै जैविक, वातावरणीय तथा पर्यावरण संरक्षणको लागि अक्सिजन उत्पादन क्षमता बढी भएका बोटविरुवाहरुको वृक्षारोपण गरिने लगायत रहेका छन्।

प्रतिवद्धता पत्र सार्वजनिक गर्दै वडा नं. ७ का वडाध्यक्षका प्रत्यासी किशोर बरालले प्रतिवद्धता पत्रमा समावेश विषय अक्षंरश पालना गर्ने बताउँदै सबै सदस्यलाई साथ लिएर अघि बढ्ने बताएका छन् । उनले अघिल्लो जनप्रतिनिधिले गर्न बाँकी रहेका कार्य पूरा गर्ने र आगामी दिनमा गर्नुपर्ने नयाँ कामहरु पनि गर्दै जाने बताए। आफु जनप्रतिनिधि चुनिएपछि जनताले लाज मान्नुपर्ने अवस्था आउन नदिने बताउँदै जनताको शिर सँधै उचो राख्ने तरिकाले काम गर्ने प्रतिवद्धता जनाएका छन् । वडा नं. ७ मा वडाध्यक्षमा किशोर बराल, महिला सदस्यमा बसुन्धरा लामिछाने, दलित महिला सदस्यमा सुनिता सुनार, खुल्ला सदस्यमा अर्जुन थापा र विष्णुमणी बराल प्रत्यासी रहेका छन्। सोही अवसरमा निर्वाचन प्रचार गीतको पनि सार्वजनिक गरिएको थियो। कार्यक्रम निर्वाचन परिचालन कमिटी संयोजक शारदा गिरीको अध्यक्षतामा भएको थियो।

# एमालेको चुनावी अभियान नियमित

**पोखरापत्र संवाददाता**
**पोखरा, १६ बैशाख**

नेकपा एमाले निर्वाचन परिचालन कमिटिकोपोखरा ९ को चुनावी अभियान तिव्रता छाएको छ।

शुक्रवार नेकपा एमाले पोखरा ९ को चुनावि भेलाको उद्धाटन गर्दै नेकपा एमाले गण्डकी प्रदेश उपसचिव रष्मि आचार्यले एमालेले रचनात्मक काम गरिरहेको वताउदै आउने स्थानिय तहको निर्वाचनमा नेकपा एमाले पहिलो पार्टि हुने वताए । कार्यक्रममा प्रदेश कमिटि सदस्य दुर्गा प्रसाद श्रेष्टले सुखि नेपालि संमृद्द नेपाल निर्माण गर्न नेकपा एमाले विजय हुनु पर्ने वताए । कार्यक्रममा गण्डकी प्रदेश सदस्य दिलिप सुनार, राज कुमार सुवेदी, किसन विश्वकर्मा, होमवहादुर गुरूङ, जिल्ला कमिटि सदस्य गोपि तुलाचन र उमेद्वारहरू प्रेम गुरूङ, लक्ष्मि गुरूङ, सरस्वति नेपाली, धुर्वकुमार श्रेष्ठ, सन्जय कमरले वोलेका थिए। नेकपा एमाले पोखरा-९ का उमेद्वार सहित नियमित घरदैलो कार्यक्रम गर्ने निर्णय गरेको छ।

**आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।**
**इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥**

# भावपूर्ण श्रद्धाञ्जली

**जन्मः**
**वि. सं. १९८१/०५/२० गते**



**स्वः चाँबी गुरुङ**

**स्वर्गारोहणः**
**वि. सं. २०७९/०१/११ गते**

कास्की जिल्ला मादी गाउँपालिका वडा नं.११ बरालडाँडा साविक घर भई हाल पोखरा महानगरपालिका वडा नं. १२ सितलादेवी निवासी बरालडाँडा तमु समाज सेवा समिति पोखराका पूर्व कोषाध्यक्ष चिन बहादुर गुरुङको ममतामयी आमा **चाँबी गुरुङ** को ९७ वर्षको उमेरमा भएको असामयीक निधनले हामी अत्यन्त मर्माहत र स्तब्ध भएका छौँ। आज उहाँको ७ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना सहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनहरुमा धैर्य धारणा गर्ने शक्ति भगवान बुद्धले प्रदान गरून् भनी हार्दिक समबेदना व्यक्त गर्दछौं।

**जुमप्रसाद गुरुङ**
**अध्यक्ष तथा**
**बरालडाँडा तमु समाज सेवा समिति परिवार**
**शितलादेवी-१२, पोखरा**

**मञ्जु गुरुङ**
**अध्यक्ष तथा**
**सम्पूर्ण बरालडाँडा चेलीबेटी परिवार**
**पोखरा**